# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको ६१ औं बैठकका निर्णयहरू
## (२०७८ पुस ०७ गते)

१. भरतपुर महानगरपालिकाको पूरक बजेट मिति २०७८ पौष ८ गतेको नगरसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. मिति २०७८/०३/१० गते पश्चात् कार्यपालिकाले नगरसभामा पेश गर्ने निर्णय गरेका देहायका निर्णयहरु १० औं नगरसभामा पेश गर्ने निर्णय सर्वसम्मतले गरियो ।

३. भरतपुरमहानगर प्रज्ञा प्रतिष्ठान विधेयक, २०७८ नगरसभामा पेश गर्ने निर्णय सर्वसम्मतले गरियो ।

४. महानगरपालिकको आन्तरिक श्रोत तर्फको नियमित गर्नुपर्ने बेरुजु रकम रु. १५,२३,७३,४९६.३०/- (पन्ध्र करोड तेईस लाख त्रिहत्तर हजार चार सय छयानब्बे रूपैयाँ तीस पैसा) फछ्यौंटका लागि नगरसभामा पेश गर्ने निर्णय सर्वसम्मतले गरियो ।

५. भरतपुर महानगरपालिकाभित्रका खानेपानी मुहानहरुको संरक्षण तथा दर्ता सम्बन्धी कार्यविधि, २०७८ पारित गर्ने सर्वसम्मतले निर्णय गरियो ।

६. भरतपुर महानगरमा बसोबास गर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बाहेकका ६० वर्ष पुगेका पत्रकारहरूको कल्याणकोषका लागि नेपाल पत्रकार महासङ्घ, चितवनसँग साझेदारी गर्ने निर्णयलाई दशौं नगरसभामा पेश गर्ने निर्णय गरियो।

७. मोटरबोट कम्पनीहरूको सञ्चालन अनुमतिको ३ महिने अवधि समाप्त भएकोले कार्यविधि, २०७७ को बुँदा नं. ९(३) र बुँदा नं. १३ बमोजिम थप २ महिनाभित्र प्रक्रिया पूरा गर्नेगरी सञ्चालन अनुमति दिने निर्णय सर्वसम्मतले गरियो।

८. भरतपुर महानगरपालिका वडा नं १६ स्थित पोलिस्याक उद्योग स्थापनाका लागि पेश भई स्वीकृत भएको नक्शा बमोजिम निर्माण भएको मूल भवन तोकिएको मापदण्ड बमोजिम भएकोले कार्यसम्पन्नको अनुमति प्रदान गर्ने तर स्वीकृत नक्शा बमोजिम निर्माण भएको नदेखिएका गेटपाले,शौचालय,मन्दिर,क्यान्टिन तथा कम्पाउण्ड वालको हकमा मापदण्डमा तोकिए बमोजिमको जरिवाना र राजस्व लिई पुनः नक्शामा उल्लेखित संरचनाको लागि नक्शा पास गर्ने प्रक्रिया बढाउने सर्वसम्मतले निर्णय गरियो।

९. यसअघि नगरप्रमुखले नगरकार्यपालिकाबाट प्रत्यायोजित अधिकार अन्तर्गत भएका निर्णयहरू अनुमोदन गर्ने निर्णय सर्वसम्मतले गरियो।

१०. वडा समितिबाट सिफारिस प्राप्त भएका र प्राविधिकको सिफारिस भएर आएका योजनाहरु औचित्यपूर्ण देखिएमा नगरप्रमुखले संशोधन गर्न सक्ने गरी नगरप्रमुखलाई अख्तियारी दिनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

११. भरतपुर महानगरपालिका वडा नं २९ स्थित भीम गुरुङको निजी जग्गामा रहेको ४२०० घनमीटर ग्राभेललाई महानगरपालिकामा सञ्चालित आयोजनाहरुमा मात्र प्रयोग हुने गरी वातावरण संरक्षण समिति तथा स्थानीय विपद व्यवस्थापन समितिको सिफारिश भई आएकोले आर्थिक ऐन २०७८ बमोजिम राजस्व

Scanned with CamScanner

लिई उत्खनन गर्न अनुमति दिने । सो कार्यको दैनिक अनुगमन गरी प्रतिवेदन पेश गर्नका लागि वातावरण शाखाका इञ्जिनियर दिपेश न्यौपाने र विकल पण्डितको नेतृत्वमा नगरप्रहरी सहितको टोली खटाउने र सोको अनुगमन नगरप्रमुखको नेतृत्वमा वडाध्यक्ष, वातावरण शाखा प्रमुख योजना शाखा तथा राजस्व शाखा प्रमुख रहेको अनुगमन समितिले गर्ने निर्णय सर्वसम्मतले गरियो ।

१२. भरतपुर महानगरपालिका वडा नं. ५ का विपन्न परिवारका सदस्य बाबुराम अधिकारीको क्यान्सर रोगबाट मृत्य भएको हुनाले निजको काजकृयाको लागि रु १००००/- र आन्तरिक सेवा सहयोगी गुठीलाई अन्य सामाजिक सहायता शीर्षकंबाट रु. ७००००/ आर्थिक सहयोग प्रदान गर्ने निर्णय सर्वसम्मतले गरियो।

१३. अनुशासित, इमान्दार र कर्तव्यनिष्ठ कर्मचारीहरूलाई नगरस्तरीय पुरस्कार सिफारिश समितिको निर्णय बमोजिम आगामी दसौं नगरसभाबाट जनही रु ५००० मा आकस्मिक लाभकर करकट्टा गरी प्रमाणपत्रसहित पुरस्कृत गर्ने निर्णय सर्वसम्मतले गरियो।

१४. भरतपुर महानगरपालिकाका कानुनी सल्लाहकार श्री गोपीलाल देवकोटालाई मासिक रुपमा अधिकृत छैठौं तहले प्राप्त गर्ने मासिक पारिश्रमिक बराबरको मासिक परिश्रमिक दिने निर्णय गरियो। महानगरपालिका सम्वद्ध मुद्दाहरुमा कर्मचारी जाँदाआउँदा खर्च बढ्ने हुनाले अख्तियार प्राप्त व्यक्तिवाट वारेस तोक्ने निर्णय सर्वसम्मतले गरियो।

१५. लामो समयदेखि ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई करार सेवामा परिवर्तन गर्ने सम्वन्धमा अध्ययन गरी सिफारिश गर्न एक अध्ययन समितिको गठन गर्ने निर्णय गरियो।

संयोजकः श्री महेन्द्रप्रसाद पौड्याल, अधिकृतस्तर दशौं
सदस्यः श्री गोपीलाल देवकोटा, कानूनी सल्लाहकार
सदस्यः श्री अर्जुन लामिछाने, लेखा अधिकृत
सदस्यः अध्यक्षले मनोनित गरेका एकजना करार सेवामा कार्यरत प्राविधिक
सदस्य सचिवः श्री डम्बर बहादुर विश्वकर्मा, अधिकृतस्तर सातौं

१६. घ बर्गको निर्माण व्यवसायी इजाजतका लागी पेश भएका, नविकरण तथा नामसारीका लागी समितिवाट मिति २०७८/८/२२ को निर्णयानुसार सिफारिश भई पेशः हुन आएका तपशिलका निर्माण व्यवसायीहरुलाई माग बमोजिम इजाजत प्रदान गर्ने निर्णय गरीयो।

- मणि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. भरतपुर -३
- आइस कन्सट्रक्सन भरतपुर-१२
- दरौ थाप्ले कन्सट्रक्सन एण्ड सप्लायर्स भरतपुर-५
- ड्रिम लाईन बिल्डर्स प्रा.ली.भरतपुर-१०
- धनलक्ष्मी कन्सट्रक्सन भरतपुर-१३
- रायणी इञ्जिनियरिङ्ग कम्पनी प्रा.ली. भरतपुर-११
- गणपती ग्रुप अफ कम्पनी प्रा.ली. भरतपुर-२२
- शिब एण्ड कम्पनी भरतपुर -१२
- मित कनस्ट्रक्सन भरतपुर -२
- गह्रौकाली बिल्डर्स भरतपुर-५
- बालासिध्द कन्सट्रक्सन प्रा.ली. भरतपुर-१२
- सि एण्ड एम कनस्ट्रक्सन भरतपुर -८
- ए.के. कन्स्ट्रक्सन भरतपुर-११

Scanned with CamScanner

- बोझा कनस्ट्रक्सन प्रा.ली.
- आदर्श निर्माण सेवा भरतपुर -११
- निर एण्ड नुतन कन्सल्टेन्सी प्रा.ली. भरतपुर-१२
- अभिन कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. भरतपुर १६
- छलाङ कन्सट्रक्सन प्रा. ली. भरतपुर -१६
- बिनिष्मा डिजाइन एण्ड कन्सट्रक्सन प्रा.ली भरतपुर १६
- ओम शिब पार्बती कन्सट्रक्सन भरतपुर -२७
- विल्ड नेपाल प्रा.ली. भरतइर -२८
- रोयल बंगला मल्टि प्रपोज हाउस भरतपुर-१०
- युगम इन्जिनियरिङ एण्ड कन्स्ट्रक्न प्रा.ली. भरतपुर-१६
- प्रसाद कन्स्ट्रक्सन एण्ड सन विल्डर्स भरतपुर-५

१७. भरतपुर महानगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि प्रदेश सरकार तथा नेपाल सरकारसँग ५० प्रतिशत लागत साझेदारीमा स्रोत सुनिश्चितताको लागि अनुरोध गर्ने र स्रोत सुनिश्चितता प्राप्त भएपश्चात बोलपत्रको प्रक्रियामा लैजाने निर्णय सर्वसम्मतले गरियो ।

१८. भरतपुर महानगरपालिका वडा नं २ स्थित बालकुमारी उ.मा.वि.सँग महानगरपालिकाले भाडामा लिएको जग्गा सम्बन्धमा अध्ययन गरी राय सुझाव प्रदान गर्नका लागि शैक्षिक प्रशासन महाशाखा प्रमुख अधिकृतस्तर दशौं, महेन्द्र प्रसाद पौडयालको संयोजकत्त्वमा आर्थिक प्रशासन महाशाखा प्रमुख, कानूनी सल्लाहकार गोपीलाल देवकोटा, वडा नं १ र २ का अध्यक्षहरु तथा राजस्व महाशाखा प्रमुख सदस्य सचिव रहेको समिति निर्माण गर्ने निर्णय सर्वसम्मतले गरियो ।

१९. भरतपुर महानगरपालिका परिसरमा सञ्चालित क्यान्टिन सम्बन्धमा थप तीन आर्थिक वर्षका लागि नयाँ बोलपत्र आह्वान गरिएको हुँदा थकाली भान्सा घर एण्ड मनकामना लजसँग गरिएको सम्झौता अनुसार २०७७।७८ को आव बमोजिमको भाडादर कायम हुनेगरी आगामी बोलपत्र स्वीकृत नभएसम्मका लागि करार अवधि थप गर्ने निर्णय सर्वसम्मतले गरियो ।

२०. भरतपुर महानगरपालिका वडा नं ८ मा बसोवास गर्ने धनबहादुर थापा मगरलाई मोटरसाइकलले ठक्कर दिई उपचाररत रहेको र निजको आर्थिक अवस्था निकै कमजोर भएको भनी सम्बन्धित वडाबाट प्राप्त सिफारिशका आधारमा रु ३५ हजार रुपैंया उपचार खर्च र भरतपुर महानगरपालिका वडा नं. ४ दुर्गाचोक निवासी भीमबहादुर विश्वकर्माको कुटपिटबाट मृत्यु भएको र निजको परिवारको आर्थिक अवस्था नाजुक रहेको हुँदा काजकृया खर्च बापत रू. ५० हजार सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मतले गरियो ।

२१. ओशो नारायणी ध्यान केन्द्रको अधुरो योजनाको कार्यसम्पन्न भई आएको र बजेट छुट भएको देखिएकोले आ व २०७८।७९ को भुक्तानी दिन बाँकी शीर्षकबाट रु. २८४२१८.८८ भुक्तानी दिने सर्वसम्मतले निर्णय गरियो ।

२२. भरतपुर महानगरपालिका वडा नं १४ स्थित केरुङ्गा नाला प्रोटेक्सन वाल र ग्याविन जाली र बाटो निर्माणमा रु १९२०२२२ को लागत अनुमान स्वीकृत भएको तर शहरी विकासबाट प्राइमकोट र ट्यागकोट र अस्फाल्ट कंक्रिटको काम हुने भएकोले सोको सट्टा ढलनिर्माण गर्न अत्यन्त जरुरी भएकोले माग बमोजिम नाला ढलान गर्ने गरी स्वीकृत रकमभित्रको सीमाभित्र रहने गरी लागत अनुमान संशोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

Scanned with CamScanner

२३. भरतपुर महानगरपालिका भित्रका वेवारिसे लाशहरुको सद्गत गर्नका लागि प्रतिलाश रु पैंतीस सय रुपैया दर निर्धारण सर्वसम्मकतले गरियो ।

२४. आ.व. २०७६/७७ को लागि तराई-मधेश समृद्धि कार्यक्रम अनुसार रु. ५० लाख १३ नं. वडा र ५० लाख १६ नं. वडालाई विनियोजित भएको र जनश्रमदान ६ लाख २५ हजार ६ सय ३९ भएकोले जम्मा ल.ई. ५६ लाख २५ हजार ६ सयको कार्यदेश हुनुपर्नेमा कार्यदिश बढी दिएको देखिएकोले रु. ६ लाख २५ हजार थप गरिएको रकम भुक्तानी बाँकी शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner